# गण्डकी प्रदेश सभा

छैटौं अधिवेशन

बैठक संख्या - २३

सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

मिति: २०८१/०३/१८

- गण्डकी प्रदेश सभाको मिति २०८१ साल असार १८ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको १ बजेर ४५ मिनेटमा प्रारम्भ भयो।
- बैठकको प्रारम्भमा शुन्य समयमा माननीय डिल्लीराम सुवेदी, माननीय निर्मला थापा, माननीय राजकुमारी भुजेल र माननीय श्यामराजा महतले समसामयिक विषयमा आफ्नो भनाई राख्नुभयो ।
- तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफल सभामा गरियोस् भनि प्रस्ताव पेस गर्नुभयो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।
- तत्पश्चात उक्त विधेयक माथिको दफावार छलफलमा माननीय प्रकाश बराल, माननीय देवका पहारी त्रिपाठी, माननीय कुसुम बुढा पुन र माननीय भक्त बहादुर कुँवरले भाग लिनुभयो ।
- तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।
- तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक" लाई पारित गरियोस् भनि प्रस्ताव गर्नुभएकोमा उक्त विधेयक सर्वसम्मतिले पारित भयो ।
- तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भनि प्रस्ताव पेस गर्नुभयो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।
- तत्पश्चात "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा माननीय महेश भट्टराई, माननीय यशोदा रिजाल, माननीय दमयन्ती रुचाल र माननीय भीम बहादुर कार्कीले भाग लिनुभयो।
- तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामान्य छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।
- तत्पश्चात माननीय भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री राजिव गुरुङले "गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भनि प्रस्ताव पेस गर्नुभयो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।
- तत्पश्चात "गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा माननीय भेष बहादुर पौडेल, माननीय सुधिर कुमार पौडेल, माननीय रेशम बहादुर जुग्जाली, माननीय वेद बहादुर गुरुङ् र माननीय पदमा जि.सी. श्रेष्ठले भाग लिनुभयो ।
- तत्पश्चात माननीय भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री राजिव गुरुङले "गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सामान्य छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।
- तत्पश्चात माननीय सभामुखले सभाका विषयगत समितिमा रहनुहुने माननीय सदस्यहरु हेरफेर गरी समितिमा रहनुहुने माननीय सदस्यहरुको नामावली प्रस्ताव गर्नुभयो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।
- तदुपरान्त सभाको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि ४ बजे ११ मिनेटमा स्थगित भयो ।

(हरिराज पोखरेल)
प्रदेश सभा सचिव